आज मिति २०७९।०९।०५ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को आठौं (९५औं) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको बैठक कक्षमा बस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| क्र.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | |

चालु आर्थिक वर्ष २०७९।८० को श्रावण ९ गते देखि मिति २०७९।८।५ सम्म कार्यपालिकावाट भए गरेका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्थाका सम्वन्धमा आजको यस वैठकमा समीक्षा भयो । सो सम्वन्धमा अधिकाँश निर्णयहरु कार्यान्वयन भई सकेको र केही निर्णयहरु कार्यान्वय चरणमा रहेको जानकारी भयो ।

**प्रस्तावहरु**

१) गण्डकी गाउँपालिका अन्तर्गत ढुंगा, गिटी, वालुवा (नदीजन्य पदार्थ) उत्खनन् सम्वन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) सम्वन्धमा ।

२) प्रस्तावित मकैसिंमा १५ शैयाको हस्पिटलको डिपिआर सम्वन्धमा ।

३) गाउँ सभा सम्वन्धमा ।

४) वालक्लव (गठन तथा सञ्चालन) कार्यविधि सम्वन्धमा ।

५) विविध

**निर्णयहरु**

**प्रस्ताव नं. १ गण्डकी गाउँपालिका अन्तर्गत ढुंगा, गिटी, वालुवा (नदीजन्य पदार्थ) उत्खनन् सम्वन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) सम्वन्धमा ।**

**निर्णय नं. १**

गण्डकी गाउँपालिका क्षेत्रभित्र तथा सीमा क्षेत्र भएर वहने त्रिशुली तथा वुढीगण्डकी नदी एवं विभिन्न ठुला खोलाहरु समेतका किनार घाट क्षेत्रवाट ढुङ्गा, गिटी, वालुवाजस्ता नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विकी वितरण गर्ने कार्यका लागि नियमानुसार तयार गर्नु पर्ने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन परामर्शदाता मार्फत तयार गरी कार्यालयवाट आजको यस वैठकमा निर्णयार्थ पेश भई सो उपर विस्तृत छलफल भयो । सो सम्वन्धमा कार्यालयवाट पेश भए वमोजिमको त्रिशुली तथा वुढीगण्डकी नदी एवं विभिन्न खोला किनार घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो । साथै सोही प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रवाट तोकिएको परिमाणमा नवढ्ने गरी ठेक्का आव्हान गरी प्रकिया अघि वढाउने निर्णय गरियो । साथै संघीय, प्रदेश तथा स्थानीयस्तरवाट संचालन गरिने विभिन्न योजनाहरुमा निर्माण व्यवसायीहरु मार्फत योजनामा प्रयोग गर्ने गरी ढुंगा माग भई आएको सम्वन्धमा ठेक्का प्रकियावाट कम्तिमा महिना दिन भन्दा वढी लाग्ने देखिएको तर तत्काल योजना कार्यान्वयन गर्नु पर्ने भएको हुदाँ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको घाटवाट ढुंगा, गिटी, वालुवा उत्खनन् विकी तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ समेतलाई आधारमानी प्रदेश सरकारले तोकेको दररेटमा नघटाई प्राविधिकको सिफारिसमा राजश्व लिई उपलव्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ प्रस्तावित मकैसिंमा १५ शैयाको हस्पिटलको डिपिआर सम्वन्धमा ।**

**निर्णय नं. २**

गण्डकी गाउँपालिका वडा नं. १ मकैसिंमा प्रस्तावित १५ शैयाको हस्पिटल निर्माण गर्ने सन्दर्भमा आवश्यक पर्ने विस्तृत परियोजना प्रतिवेदन (DPR) परामर्शदाता मार्फत कार्यालयवाट आजको यस वैठकमा पेश भई छलफल भयो । सो सम्वन्धमा पेश भएको डिपीआर पेश भए वमोजिमनै स्वीकृत गर्ने र स्वीकृत डिपीआर वमोजिम निर्माण कार्य अघि वढाउन मन्त्रालय लगायत सम्वद्ध निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ गाउँ सभा सम्वन्धमा ।**

**निर्णय नं. ३**

११ औं गाउँसभा वैठक वस्ने सम्वन्धमा आजको यस वैठकमा छलफल हुदाँ यही पौष १९ गते गण्डकी गाउँपालिकाको ११ औं गाउँ सभा वैठक वस्ने गरी आवश्यक व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ वालक्लव (गठन तथा सञ्चालन) २०७९ कार्यविधि सम्बन्धमा ।**

**निर्णय नं. ४**

वालक्लव (गठन तथा सञ्चालन) कार्यविधि– २०७९ आजको यस बैठकमा पेश भई छलफल भयो । सो सम्वन्धमा पेश भएको वालक्लव (गठन तथा सञ्चालन) कार्यविधि– २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**विविध तर्फः**

१) सवै वडाहरुवाट टोल विकास समिति गठन तथा पूर्नगठन गरी यहि पौष महिना भित्र गाउँपालिकामा पठाउने निर्णय गरियो ।

२) न्यायिक समिति (गठन तथा संचालन) कार्यविधि, २०७९ उपर आजको यस बैठकमा प्रस्तुत भई सो उपर छलफल भयो । सो सम्वन्धमा पेश भए बमोजिमको न्यायिक समिति (गठन तथा संचालन) कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

३) मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७९ बमोजिम गाउँपालिका भित्रका सवै वडाहरुवाट सिफारिस सहित पेश हुन आएका व्यक्तिहरुलाई भुक्तानी दिने प्रकियाको लागि आवश्यक प्रकिया अघि वढाउने निर्णय गरियो ।

४) गण्डकी गाउँपालिका वडा नं. ५ स्थित निर्माणाधिन अवस्थामा रहेको दर्वुङ्गफाँट लाकुरीवोट दलभन्ज्याँङ्ग सडकको पिच गर्ने सम्मको कार्यको ठेक्का लिने निर्माण व्यवसायी श्री रायमाझी नेवा कान्तिपुर ज्वाईण्ट भेन्चरले सडक निर्माणका लागि आवश्यक पर्ने गिटी चिप्स लगायतको सामाग्री तयारी गर्न कशर संचालनका लागि अस्थाई अनुमति पाउँ भनि पेश गर्नु भएको निवेदन उपर आजको यस बैठकमा छलफल भयो । उक्त सम्वन्धमा सडक निर्माण कार्यलाई तिव्रता दिई छिटो सम्पन्न गर्न आवश्यक भएकोले सडक निर्माणका लागि आवश्यक पर्ने गिटी, चिप्स जस्ता सामाग्री उत्पादन गर्ने र सोही सडकको निर्माण कार्यमा मात्र प्रयोग गर्ने, व्यवसायीक रुपमा अन्यत्र विकि वितरण गर्न नपाउने र वातावरण तथा मानववस्तीलाई समेत कुनै किसिमको प्रतिकुल असर नपर्ने गरी नियमानुसार शुल्क लिई संझौतामा उल्लेख भए वमोजिमको आयोजना सम्पन्न गर्ने अन्तिम मिति २०८१।०३।२० गते सम्मका लागि मात्र रहने गरी सडकवाट नजिक रहेको ठेकेदार कम्पनी र जग्गाधनी विच भएको संझौतामा उल्लेख भएको साविक दर्वुङ्ग ६ कित्ता नं. २६६, २६७ र २६८ जग्गा भित्र रहने गरी कशर संचालन गर्न अस्थाई अनुमति दिने निर्णय गरियो ।

५) बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी कार्यविधि, २०७९ आजको यस बैठकमा पेश भई छलफल भयो । सो सम्वन्धमा पेश भए बमोजिमको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

६) फिस्लिङ्ग– देविस्थान– आँपचौर– ईर्लुङ्ग –घ्याल्चोक सडकको विस्तृत परियोजना प्रतिवेदन (डिटेल प्रोजेक्ट रिपोर्ट) तयारी गर्ने प्रकिया अघि वढाउने निर्णय गरियो ।

७) गण्डकी गाउँपालिका वडा नं. ६ स्थित तोमनडाँडामा रहेको चेपाङ्ग सग्रहालयको अधुरो भवन निर्माणका लागि आवश्यक प्रकिया अघि वढाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

CamScanner